जिल्ला स्थित विभागिय प्रमुखको हैसियतले सरकारी सेवा प्रदायकको सेवा प्रवाहको अनुगमन तथा मुल्याङ्कन गर्ने जिम्वेवारी प्रमुख जिल्ला अधिकारीलाई तोकेको छ । सुशासन ऐनको दफा (१३) र नियमावलीको नियम (६) बमोजिम जिल्ला स्थित कार्यालय प्रमुखले कार्य गरे/नगरेको सम्बन्धमा अनुगमन गरी यो प्रतिवेदन पेश गरेको छु ।

१. अनुगमन गरिएका कार्यालयहरु
   - क) जिल्ला प्रहरी कार्यालय
   - ख) सशस्त्र प्रहरी वल, नेपाल गण नं. ४
   - ग) कारागार कार्यालय, झुम्का
   - घ) जिल्ला हुलाक कार्यालय
   - ङ) मालपोत कार्यालय
   - च) नापी कार्यालय
   - छ) ईलाका प्रशासन कार्यालय, धरान
   - ज) इलाका प्रशासन कार्यालय, हरिनगरा
   - झ) भंसार कार्यालय, सेतुवन्ध

२. प्रचलित कानुन उल्लेख भए बमोजिम गरिएका साझा कामहरु यस प्रकार छन् ।
   - क) आफु कार्यरत (वहाल) रहेको कार्यालयको व्यवस्थापन, दैनिक कार्य सञ्चालन तथा सो कार्यालयमा कार्यरत कर्मचारीको सुपरिवेक्षण र नियन्त्रणको कार्य गरेको ।
   - ख) आफु वहाल रहेको कार्यालय र अन्तर्गतका कर्मचारीलाई काज खटाएको अभिलेख देखिएको ।
   - ग) कोभिड १९ को समयमा निषेधाज्ञाको अवस्था बाहेकको अवस्थामा कार्यालयको सेवालाई प्रभावकारी बनाइएको ।
   - घ) नियमित समस्या समाधान यथोचित (RIGHT TIME) मा गर्न सकेको ।
   - ङ) सुचनाको हक सम्बन्धी ऐन/नियममा उल्लेख भए बमोजिम सुचना अधिकारी र Proactive disclosure गर्ने गरेको ।

३. सुधार गर्नु पर्ने पक्षहरु -
   - क) मालपोत कार्यालय र नापी कार्यालयमा आवश्यक भीडभाड हुने गरेको र कार्य चाप बढी छ । कार्य सम्पादनको सिलसिलामा विचौलियाहरुको प्रभाव देखीएको छ । Digitally Online प्रणालिमा गएमा यसमा सुधार हुने छ ।
   - ख) भंसार कार्यलयले जेष्ठ महिनामा लक्ष्यको ४०% मात्र कार्य सम्पादन गर्न सकेको छ । केही बस्तुहरु जस्तै चिनीको अवैध पैठारी हुने गरेको छ भने चीनी, सुर्तिजन्य पदार्थ, मादक पदार्थ, पेट्रोलियम पदार्थ, कपडा अवैध निकासी पैठारी हुने गरेको छ । यस विषयमा राजश्व चुहावट नियन्त्रण समितिको बैठक बसी नियन्त्रण गर्न निर्देशन दिइएको र अनुगमन र गस्ती गर्न उपसमिति गठन गरी साप्ताहीक गस्ती गर्ने/खानतलासी गर्ने गरी निर्णय भएको ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सुनसरी

.........................
उमेश कुमार ढकाल
प्रमुख जिल्ला अधिकारी

जिल्ला स्थित विभागिय प्रमुखको हैसियतले सरकारी सेवा प्रदायकको सेवा प्रवाहको अनुगमन तथा मुल्याङ्कन गर्ने जिम्वेवारी प्रमुख जिल्ला अधिकारीलाई तोकेको छ ।सुशासन ऐनको दफा (१३) र नियमावलीको नियम (६) बमोजिम जिल्ला स्थित कार्यालय प्रमुखले कार्य गरे/नगरेको सम्बन्धमा अनुगमन गरी यो प्रतिवेदन पेश गरेको छु ।

१. अनुगमन गरिएका कार्यालयहरु

क) नेपाल विद्युत प्राधिकरण

ख) डिभिजन वन कार्यालय

ग) आन्तरिक राजश्व कार्यालय, इटहरी/धरान

घ) जिल्ला अस्पताल

ङ) कोष तथा लेखा नियन्त्रक कार्यालय

च) भेटनरी अस्पताल तथा पशु सेवा केन्द्र

छ) शिक्षा तालिम केन्द्र

ज) जलस्रोत तथा डिभिजन कार्यालय

झ) कोशी टप्पु वन्यजन्तु आरक्ष

२. साझा कामहरु

क) कोभिडमा लकडाउन हुदा कार्यालयहरु बन्द भएका

ख) लकडाउनमा कर्मचारीको विदामा लकडाउन काज उल्लेख भएको

ग) कर्मचारीहरुको हाजिरीमा नियमितता

घ) लकडाउन बाहेक अन्य अवस्थामा कामकाज नियमित भएको ।

३. सुधार गर्नु पर्ने पक्षहरु

क) जंगली हात्तीको आक्रमणबाट नागरिकलाई जोगाउन त्यस सम्बन्धी कार्य योजना बनाई काम गर्न वन कार्यालयको आयोजनालाई निर्देशन दिइएको ।

ख) यातायात व्यवस्था कार्यालयको भीडभाड कम गर्न र विचौलियाको चलखेल हुन नदिने तर्फ कार्यालय प्रमुखलाई निर्देशन दिइएको । Online प्रणाली सुचारु गर्न विभागबाट पनि उचित पहल हुनुपर्ने छ ।

ग) सिचाई कार्यालयले विकास निर्माणका कार्य गर्दा दिर्घकालिन र दीगोपना कायम गर्ने गरी गुणस्तरिय काम गर्नुपर्ने देखिन्छ । कुनै समस्या भए समयमा खवर गरी समस्या समाधान गरिने जानकारी दिइएको छ ।

घ) आन्तरिक राजश्व कार्यालयले अवैध रुपमा उत्पादन हुने गरेको मदिरा नियन्त्रण कार्यलाई निरुत्साहित गर्नुपर्ने देखियो ।यसमा प्रशासन र प्रहरीले सहयोग गर्ने समेत निर्देशन दिइएको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सुनसरी,इनरुवा

..............................

रमेश कुमार ढकाल

प्रमुख जिल्ला अधिकारी ,सुनसरी